केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०७/०७१/७२ मितिः २०७१/१२/०४

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७१ को निर्देशन नं. १२ मा रहेको व्यवस्थालाई उपबुँदा (२) अन्तर्गत राखी उपबुँदा (१) मा देहायको व्यवस्था थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

***१२.१ कर्जा सुचना सम्बन्धी व्यवस्थाः***

*यस बैंकबाट "घ" वर्गको ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको कर्जा सम्वन्धी सुचना व्यवस्था र यथासमयमा कर्जा नतिर्ने ऋणीहरुको विवरण समेत कर्जा सुचना केन्द्रबाट प्राप्त गर्ने/गराउने व्यवस्था गरी कर्जा प्रवाहमा दोहोरोपना (Duplication) को समस्या कम गर्नका लागि देहाय बमोजिम नीतिगत व्यवस्था गरिएको छ :*

***१२.१.१ कर्जा सुचना केन्द्रको सदस्यता लिनु पर्ने***

*ईजाजतप्राप्त संस्थाहरुले कर्जा सुचनाको आदान प्रदान गर्न र समयमा कर्जाको साँवा/ब्याज नतिर्ने ऋणीलाई पहिचान गर्ने प्रयोजनको लागि अनिवार्य रुपमा कर्जा सुचना केन्द्रको सदस्यता लिनु पर्नेछ।*

***१२.१.२ कर्जा सुचना केन्द्रमा ऋणी (ग्राहक) सम्बन्धी विवरण पठाउनु पर्ने***

*(क) ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाले पचास हजार रुपैयाँ वा सोभन्दा बढी कर्जा बक्यौता रहेका ऋणीहरुको विवरणहरु कर्जा स्वीकृत भएको मितिले १५ दिनभित्र कर्जा सुचना केन्द्रमा पठाउनु पर्नेछ। यस्तो विवरण केन्द्रले उपलब्ध गराएको वेबसाइट मार्फत अनलाइन रुपमा पठाउन सकिनेछ।*

*(ख) ईजाजतप्राप्त संस्थाले उपर्युक्त विवरण प्रत्येक त्रयमास समाप्त भएको मितिले १५ दिनभित्र ऋणीको कर्जा चुक्ता नभएसम्म कर्जा सुचना केन्द्रमा पठाउनु पर्नेछ।*

***१२.१.३ अनिवार्य रुपमा कर्जा सुचना लिनु पर्ने***

*(क) ईजाजतप्राप्त संस्थाले पचास हजार रुपैयाँ वा सोभन्दा बढीको कर्जा स्वीकृत गर्नु अगावै कर्जा सुचना केन्द्रबाट अनिवार्य रुपमा कर्जा सुचना लिनु पर्नेछ। कुनै वित्तीय संस्थाबाट यसरी कर्जा सुचना माग भएमा कर्जा सुचना केन्द्रले बढीमा ३ (तीन) कार्यदिन भित्रमा त्यस्तो सुचना दिनु पर्नेछ। कर्जा सुचना केन्द्रले यस्तो सुचना अनलाईन सेवा मार्फत उपलब्ध गराउँन सक्नेछ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

*(ख) कुनै ग्राहक/ऋणीलाई कर्जा/सुविधा प्रदान गर्दा केन्द्रबाट उपबुँदा (क) बमोजिम कर्जा सुचना प्राप्त गरी सकेपछि अन्य निकायबाट सुचना लिन अनिवार्य हुने छैन ।*

*(ग) यस खण्ड बमोजिम कर्जा सुचना केन्द्रबाट लिइएको कर्जा सुचना बापत ईजाजतप्राप्त संस्थाले केन्द्रले तोकेको कर्जा सुचना सम्बन्धी शुल्क केन्द्रलाई बुझाउनु पर्नेछ । कर्जा सुचना केन्द्रले नेपाल लघुवित्त बैंकर्श संघसंग समझदारी गरी शुल्क निर्धारण गर्नेछ ।*

***१२.१.४ कर्जा सुचना केन्द्रले निरीक्षण गर्न सक्ने***

*ईजाजतप्राप्त संस्थाले केन्द्रमा उपलव्ध गराउनु पर्ने ऋणीहरुको विवरण समयमै उपलब्ध गराए नगराएको तथा कर्जा प्रवाह गर्नु अघि कर्जा सूचना लिए नलिएको सम्वन्धमा केन्द्रले ईजाजतप्राप्त संस्थाको अनुगमन गर्न सक्नेछ र केन्द्रले सोको प्रतिवेदन यस बैंकको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।*

***१२.१.५ कर्जा सुचना सम्बन्धी सम्पर्क व्यक्ति तोक्ने***

*ईजाजतप्राप्त संस्थाहरुले कर्जा सुचना केन्द्र तथा अन्य निकायमा पठाउनु पर्ने कर्जा सुचना सम्बन्धी सम्पूर्ण कार्यहरु गर्नका लागि सम्पर्क व्यक्ति तोक्नु पर्नेछ । यसरी तोकिएको सम्पर्क व्यक्तिले ईजाजतप्राप्त संस्था र कर्जा सुचना केन्द्रबीच हुने पत्राचारको प्रमाणित अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।*

भवदीय,

(रमेशकुमार पोखरेल)
का.मु. कार्यकारी निर्देशक

**<u>बोधार्थ</u> :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।